# भगवानपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०८१/०३/१५

भगवानपुर गाउँपालिका गाउँ कार्यपालिकाबाट जारी "भगवानपुर गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयहरु"

# बैठक नं.- १

**प्रस्तावहरुः-**

१. गाउँपालिकाको कर्मचारी पदपूर्तीको लागि पदपूर्ती मूल समिति गठन गर्ने सम्बन्धमा।

२. मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य केन्द्र तथा विद्यालयहरुमा कर्मचारी अभाव भई कार्यसम्पादनमा असहजता भईरहेकोले गाउँ कार्यपालिकालाई आवश्यक रहेको कर्मचारी पदपूर्तीको लागि तपसिलको मूल समिति गठन गरी उक्त समितिको सिफारिस बमोजिम सेवा करारमा कर्मचारी नियुक्त गर्ने निर्णय गरियो।

तपसिलः

सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने पदपूर्ती मूल समिति

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

२. शिक्षा शाखा प्रमुख - सदस्य

३. प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

२. मृगौला प्रत्यारोपण गरेका, डायलायसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउन तपसिलको सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

सिफारिस समितिः

१. गाउँपालिका अध्यक्ष - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

३. स्वास्थ्य संयोजक - सदस्य- सचिव

# बैठक नं.- २

**प्रस्तावहरुः-**

१. लम्पी स्कीन महामारी नियन्त्रणको लागि भएको खर्च रकम भुक्तानी सम्बन्धमा।

२. रेडक्रस सोसाइटी भगवानपुर शाखाद्वारा सञ्चालित एम्बुलेन्सले सुत्केरीलाई ओसारे वापतको रकम भुक्तानी सम्बन्धमा।

**निर्णयहरुः-**

१. पशुहरुमा देखिएको लम्पी स्किन महामारी नियन्त्रणको लागि चालु आ. व. २०८०/०८१ मा विनियोजित रकमबाट खर्च भई विशेष परिस्थितिमा गरिएको खर्चको बिल भरपाई बमोजिम भुक्तानी दिने निर्णय गरियो।

२. रेडक्रस सोसाइटी भगवानपुर शाखाद्वारा सञ्चालित एम्बुलेन्सले भगवानपुर गाउँपालिकादेखि लहान लगायतका अन्य स्थानहरुमा सुत्केरीलाई निःशुल्क ओसारे वापतको खर्च रकमको सोधभर्ना भुक्तानी सेवाग्राही अस्पतालमा भर्ना गरिएको रेकर्ड बमोजिम भगवानपुरदेखि लहानसम्मको प्रति पटक रु. १,५००।- (एक हजार पाँच सय) र भगवानपुरको विभिन्न वडाबाट प्राथमिक स्वास्थ्य केन्द्र भगवानपुरसम्मको प्रति पटक रु. १,०००।- (एक हजार) का दरले रेडक्रस सोसाइटी भगवानपुर शाखालाई दिने सर्वसम्मत निर्णय गरियो।

# बैठक नं.- ३

**प्रस्तावहरुः-**

१. प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको प्रयोगशालाको पार्टिशन वापतको रकम भुक्तानी सम्बन्धमा।

२. विविध।

**निर्णयहरुः-**

१. प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको प्रयोगशालाको पार्टिशन वापतको रकम प्राविधिक मूल्याङ्कन र बिल भरपाईको आधारमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

## बैठक नं.- ४

**प्रस्तावहरुः-**

१. सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरणको लागि जेनेरेटर खरिद सम्बन्धमा।
२. विज्ञान प्रयोगशालाको अनुदान सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वडा वडाबाट नै वितरण गरिरहेकोमा विद्युत आपूर्ती अवरुद्ध भई भत्ता वितरणमा असहज भएकोले विद्युत आपूर्ती सहजीकरणको १ थान सानो जेनेरेटर खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।
२. यस भगवानपुर गाउँपालिकाको आ. व. २०८०/०८१ मा सशर्त अनुदान अन्तर्गत यस गाउँपालिकालाई उपलब्ध गराएको मा. वि.हरुको लागि विज्ञान प्रयोगशाला वापतको रकम रु. ६,५०,०००।— (छ लाख पचास हजार मात्र) यस गाउँपालिकाको श्री बाला सुन्दरी मा. वि. भगवानपुर-१ लाई आवश्यक रहेकोले उक्त अनुदान रकम श्री बाला सुन्दरी मा. वि. भगवानपुर-१ लाई निकासा दिने निर्णय गरियो।

## बैठक नं.- ५

**प्रस्तावहरुः-**

१. वडा नं. २ को दाहा मेलाको खर्च भुक्तानी सम्बन्धमा।
२. भगवानपुर गाउँपालिकाको कर्मचारीहरुको पद मिलान तथा तह/ स्तरवृद्धि सम्बन्धी व्यवस्थापन ऐन, २०८० सम्बन्धमा।
३. ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०८० स्वीकृत गर्ने सम्बन्धमा।
४. गहुँको बीउ खरिद गर्ने सम्बन्धमा।
५. पूर्वाधार विकास योजनाको खरिद प्रक्रिया सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको वडा नं. २ मा आयोजित दाहा मेलाको खर्च वापतको रकम रु. १५,०००।— (पन्ध्र हजार मात्र) वडा सचिव श्री राम कुमार यादवलाई भुक्तानी दिने निर्णय गरियो।

२. यस गाउँपालिकामा कार्यरत स्थानीय स्वायत्त शासन ऐन बमोजिम नियुक्त भएका कर्मचारीहरुको पदमिलान तथा तह स्तर वृद्धिको लागि "भगवानपुर गाउँपालिकाको कर्मचारीहरुको पदमिलान तथा तह स्तर वृद्धि सम्बन्धी व्यवस्थापन ऐन, २०८०" स्वीकृत गरी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

३. भगवानपुर गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०८० स्वीकृत गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४. यस गाउँपालिकाको चालु आ. व. २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम "५०% अनुदानमा गहुँको बीउ वितरण" शिर्षकमा विनियोजित रकम रु. २० (बीस) लाख मध्ये हाललाई रु. १० (दश) लाख बराबरको उन्नत जातको गहुँको बीउ खरिद गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

५. यस गाउँपालिकाको चालु आ. व. २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रममा विनियोजित तपसिलका योजनाहरु तपसिल बमोजिमको खरिद प्रक्रिया अपनाई योजना संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजित बजेट रकम रु. हजारमा | खरिद प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|
| १. | कल्याणपुर ठकाई पोखरी नजिक पुल निर्माण | वडा नं. ४ | १५०० | शिलबन्दी दरभाउपत्र | |
| २. | लरहा राम कृपाल घर नजिकको पोखरी देखि सलहेश | वडा नं. २ | ३००० | शिलबन्दी दरभाउपत्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मन्दिरसम्मको बाटोमा आर. सी. सी. ढलान | | | | |
| ३. | शिवजी भगतको घरदेखि दुखन यादवको घरसम्म आर. सी. सी. सडक ढलान | वडा नं. २ | २००० | शिलबन्दी दरभाउपत्र | |
| ४. | लरहा राम कृपाल घर नजिकको पोखरी उकास गर्ने कार्य | वडा नं. २ | ५०० | सोझै खरिद | |
| ५. | लरहा शिवलाल पोखरी देखि हुलाकी सडकसम्म कृषि सडकमा माटो पुर्ने काम | वडा नं. २ | ' ५०० | सोझै खरिद | |

## बैठक नं.- ७

**प्रस्तावहरुः-**

१. वडा नं. ३ को अभयनगर र वडा नं. १ सिनुरियामा आयोजित जितमाहन मेलाको खर्च भुक्तानी सम्बन्धमा।

२. विविध।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको वडा नं. ३ को अभयनगर र वडा नं. १ सिनुरियामा आयोजित जितमाहन मेलाको खर्च वापतको रकम वडा नं. ३ को हकमा वडा सचिव श्री ओम कुमार यादवलाई रु. २१,०००।—( एकाइस हजार मात्र) र वडा नं. १ को हकमा

श्री मनोज कुमार साहलाई रु. १०,०००।— (दश हजार मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

## बैठक नं.- ८

**प्रस्तावहरुः-**

१. वडा नं. ४ ठाढीको सडक मर्मत वापतको रकम भुक्तानी सम्बन्धमा।

२. वडा नं. ४ कल्याणपुरको अस्थायी बाँसको पुल (चचरी) निर्माण वापतको रकम भुक्तानी सम्बन्धमा।

३. वडा नं. २ को तेनुवाहा पोखरी सफाई वापतको रकम भुक्तानी सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको वडा नं. ४ ठाढीको सडकको खाल्डा खुल्डी पुरे वापतको रकम प्राविधिक मूल्याङ्कन बमोजिम बढीमा रु. १५,०००।- श्री शिवचन्द्र यादव (जमुवाटोल)लाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

२. यस गाउँपालिकाको वडा नं. ४ कल्याणपुरमा निर्माण गरिएको बाँसको अस्थायी पुल (चचरी) निर्माण वापतको रकम प्राविधिक मूल्याङ्कन बमोजिम बढीमा रु. ५५,०००।— ( पचपन्न हजार मात्र) श्री रामलोचन मण्डललाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

३. यस गाउँपालिकाको वडा नं. २ को तेनुवाहा पोखरी सफाई वापतको रकम रु. ८,०००।— (आठ हजार मात्र) वडा सचिव श्री राम कुमार यादवलाई भुक्तानी दिने निर्णय गरियो।

## बैठक नं.- ९

**प्रस्तावहरुः-**

१. वडा नं. १ को बलान नदीमा आयोजित छठ पर्वको खर्च रकम भुक्तानी सम्बन्धमा।

२. विषयगत शाखाको फर्निचर खरिद सम्बन्धमा।

३. तराई मधेश समृद्धि कार्यक्रममा योजना/कार्यक्रम माग गर्ने सम्बन्धमा।

४. सङ्घीय समपुरक तथा विशेष अनुदानको योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा।

५. वडा नं. २ मा संचालित कपर्दी खेलको खर्च रकम भुक्तानी सम्बन्धमा।

६. आ. व. २०७६/७७ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत स्वीकृत कार्यक्रम रद्द गर्ने सम्बन्धमा।

७. आ. व. २०७८/७९ मा राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत स्वीकृत कार्यक्रम निरन्तरता दिने सम्बन्धमा।

८. आ. व. २०७८/७९ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत स्वीकृत कार्यक्रम निरन्तरता दिने सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको वडा नं. १ बलान नदीमा आयोजित छठ पर्वको खर्च वापतको रकम रु. २५,०००।— (पच्चीस हजार मात्र) श्री मुकेश पंडितलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

२. यस गाउँपालिका, गाउँ कार्यपालिकाको विषयगत शाखाहरुमा आवश्यक फर्निचर खरिद गर्ने सर्वसम्मत निर्णय गरियो।

३. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रमसंग तपसिलको योजना तथा कार्यक्रम माँग गर्ने निर्णय गरियो।

**तपसिलः**

क. बालासुन्दरी मा. वि. भगवानपुरमा विद्यालय भवन निर्माण- अनुमानित लागत १ करोड

ख. वडा नं. ४ को जमुवाटोलको मणिचोकदेखि पश्चिम मरिकटोलको आधारभुत विद्यालयसम्म आर. सी. सी. सडक ढलान- अनुमानित लागत २ करोड

ग. वडा नं. ३ को आ. वि. मरिकटोलदेखि दक्षिण मुसहरीसम्म आर. सी. सी. सडक ढलान- अनुमानित लागत ९५ लाख

घ. वडा नं. ५ को आ. वि. परौलदेखि उत्तर बिहारी रामको घरसम्म आर. सी. सी. सडक ढलान- अनुमानित लागत ९२ लाख

ङ. वडा नं. १ सिनुरियाको हजारी साहको घरदेखि दक्षिण राजेन्द्र यादवको घरसम्म आर. सी. सी. सडक ढलान- अनुमानित लागत ९४ लाख

च. वडा नं. २ गमहरिया चोकदेखि उत्तर रामटोलसम्म आर. सी. सी. सडक ढलान- अनुमानित लागत ९६ लाख

४. सङ्घीय समपुरक तथा विशेष अनुदानको योजना तथा कार्यक्रम अन्तर्गत तपसिलको योजना तथा कार्यक्रम माँग गर्ने निर्णय गरियो।

तपसिलः

समपुरक अनुदानको योजना/कार्यक्रम

क. लहान ठाढी सडकको भगवानपुर सब-स्टेशनदेखि परौल ईनर्वा लालपुर गैरसाहा हुँदै बोर्डरसम्मको कालोपत्रे सडक निर्माण — अनुमानित लागत ९ करोड ५० लाख

ख. नवराजपुर गाउँपालिकाको सिमानाको गेरुवाहा गमहरिया देखि लालपुर हुँदै अभयनगर हुँदै बोर्डरसम्मको कालोपत्रे सडक निर्माण- ९ करोड ७५ लाख

ग. भगवानपुरको वडा नं. २ नहरा रामदेब साहको घरदेखी लरहा हुदै हुलाकी सडकको महेन्द्र मलिक(डोम)को घर हुँदै परौल विशौलको रामजानकी मन्दिर हुँदै मनी चौक हुदै ठाडीको दुर्गा मन्दिर बोर्डर सम्मको कालोपत्रे सडक निर्माण- १० करोड

विशेष अनुदानको योजना/कार्यक्रम

क. वडा नं. ५ को हनुमान प्रसाद शारदा मा. वि. ईनर्वामा विद्यालय भवन निर्माण- अनुमानित लागत ५ करोड

ख. वडा नं. १ भगवानपुरमा सामुदायिक भवन निर्माण- ३ करोड

ग. वडा नं. ३ को वडा कार्यालय नजिक आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण — अनुमानित लागत ५ करोड

घ. बाला सुन्दरी मा. वि. अगाडिको पोखरीको सौन्दर्यीकरण — अनुमानित लागत २ करोड ५० लाख

५. यस गाउँपालिकाको वडा नं. २ मा संचालित कपर्दी खेलको खर्च रकम रु. ८५,०००।— (पचासी हजार मात्र) श्री हरिहर साफीलाई भुक्तानी दिने निर्णय गरियो।
६. आ. व. २०७६/७७ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत स्वीकृत भगवानपुर इनर्वा गैरसाहा सडकमा कालो पत्रे योजना तत्कालिन गाउँपालिका अध्यक्षको कार्यकालमा स्वीकृत भई कार्यान्वयन हुन नसकेकोले सो योजना रद्द गर्ने निर्णय गरियो।
७. आ. व. २०७८/७९ मा राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत स्वीकृत आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ४ योजना चालु आ. व. मा बजेट अभाव भई सम्पन्न हुन नसकेकोले आगामी आ. व. २०८१/८२ मा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।
८. आ. व. २०७८/७९ मा राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत स्वीकृत वडा कार्यालय भवन निर्माण वडा नं. ४ योजना चालु आ. व. मा बजेट अभाव भई सम्पन्न हुन नसकेकोले आगामी आ. व. २०८०/८१ मा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

## बैठक नं.- १०

**प्रस्तावहरुः-**

१. वडा नं. ५ को ढोकाई पोखरी र लबका पोखरीमा आयोजित छठ पर्वको खर्च रकम भुक्तानी सम्बन्धमा।
२. गहुँको थप बीऊ खरिद सम्बन्धमा।
३. गाउँसभाको एघारौं अधिवेशन बारे।
४. उच्च अदालत जनकपुर राजबिराज ईजलासको आदेश गाउँसभामा पेश गर्ने सम्बन्धमा।

**निर्णयहरुः-**

१. यस गाउँपालिकाको वडा नं. ५ को ढोकाई पोखरीमा आयोजित छठ पर्वको खर्च वापतको रकम रु. २५,०००।— (पच्चीस हजार मात्र) वडा सचिव श्री राजेन्द्र प्रसाद यादवलाई र सोही वडाको लबका पोखरीमा आयोजित छठ पर्वको खर्च वापतको रकम रु. २१,०००।— (एक्काईस हजार मात्र) वडा सचिव श्री राजेन्द्र प्रसाद यादवलाई भुक्तानी दिने निर्णय गरियो।
२. यस गाउँपालिकाको किसानहरुलाई ५०% अनुदानमा गहुँको बीऊ वितरणको लागि रु. १० लाख बराबरको गहुँको बीउ खरिद गरी वितरण गरेकोमा सो परिमाणको बीऊ अपुग भई पुनः रु. १० लाख बराबरको उन्नत जातको गहुँको बीऊ खरिद गरी वितरण गर्ने निर्णय गरियो।
३. भगवानपुर गाउँपालिकाको गाउँसभाको एघारौं अधिवेशन मिति २०८० पौष २९ गते आइतबारका दिन बोलाउने सर्वसम्मत निर्णय गरियो।
४. उच्च अदालत जनकपुर राजबिराज ईजलासको मिति २०७९/१२/२३ गतेको आदेश सम्बन्धी छलफलका लागि एघारौं गाउँसभाको पेश गर्ने निर्णय गरियो।

## बैठक नं.- ११

**प्रस्तावहरुः-**

१. पत्रपत्रिकामा प्रकाशन हुने विज्ञापन सम्बन्धमा।
२. मौजुदा सूचीमा दर्ता हुन लाग्ने शुल्क सम्बन्धमा।
३. कपाली तमसुक प्रमाणित वापतको दस्तुर सम्बन्धमा।
४. गमहरिया र जमुवाटोलको विवाह पञ्चमी मेलामा भएको खर्चको भुक्तानी सम्बन्धमा।
५. चार पाङ्ग्रे सवारी साधनको भाडा निरन्तरता सम्बन्धमा।

**निर्णयहरुः-**

१. विभिन्न पत्र पत्रिका तथा संचार माध्यमहरुले यस गाउँपालिकाको नाम राखी कार्यादेश बिना लोककल्याणकारी तथा अन्य विज्ञापन प्रकाशन गरी भुक्तानी दाबी गरिरहेकोले अब उप्रान्त कार्यादेश अथवा लिखित आदेश बिना प्रकाशन प्रशारण गरेको विज्ञापनहरुको भुक्तानी नहुने सर्वसम्मत निर्णय गरियो।

२. यस गाउँपालिकाको आर्थिक ऐन, २०८० मा यस गाउँपालिकामा सूचीकृत हुने फर्म/संस्था/सेवा प्रदायकहरुले सूचीकृत हुन शुल्क नतोकिएकोले सो वापत रु. ५००।— (पाँच सय मात्र) शुल्क निर्धारण गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. यस गाउँपालिकाको आर्थिक ऐन, २०८० मा यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट कपाली तमसुक प्रमाणित वापतको दस्तुर निर्धारण नभएकोले सो कपाली तमसुक प्रमाणित वापत प्रति तमसुक रु. ५००।— (पाँच सय मात्र) दस्तुर निर्धारण गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४. गमहरिया र जमुवाटोलको विवाह पञ्चमी मेलामा भएको खर्च रकम बिल भरपाईको आधारमा गमहरियाको श्री धर्मदेव दासलाई बढीमा रु. ८५,०००।— (पचासी हजार मात्र) र जमुवाटोलको श्री शिवचन्द्र यादवलाई बढीमा रु. ३०,०००।— (तिस हजार मात्र) भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

५. भगवानपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले भाडामा प्रयोग गरिरहेको स्कर्पियो जीप-१ र कार -१ को भाडा सम्झौता पौष मसान्तमा समाप्त हुने भएको तर उक्त सवारी साधनहरु पौष मसान्तपछि पनि प्रयोग गर्नुपर्ने भएकोले उक्त सवारी साधनहरुसँग २०८० माघ १ गतेदेखि २०८१ असार मसान्तसम्मको लागि पुनः भाडा सम्झौता गरी प्रयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

## बैठक नं.- १२

**प्रस्तावहरुः**

१. पशु विकासको कार्यक्रम परिवर्तन सम्बन्धमा।

२. दशौं गाउँसभाबाट पारित योजना //कार्यक्रमहरुमा रकम थप तथा नयाँ योजना कार्यक्रम थप गर्ने सम्बन्धमा।

३. एघारौं गाउँसभामा योजना/कार्यक्रम थप गर्ने सम्बन्धमा।

४. जिल्ला स्थित सरकारी कार्यालयहरुको लागि कार्यालय संचालन सामग्री उपलब्ध गराउने सम्बन्धमा।

५. योजनाको खरिद प्रक्रिया सम्बन्धमा।

६. योजनाको रकमान्तर गर्ने सम्बन्धमा।

७. योजनाको नाम परिवर्तन गर्ने सम्बन्धमा।

८. सडक बोर्डबाट विनियोजन रकमको योजना छनौट सम्बन्धमा।

**निर्णयहरुः**

१. आ. व. २०८०/०८१ को लागि पशु विकास शाखाको लागि विनियोजित रकम खर्च हुन नसकी तपसिलको कार्यक्रममा परिवर्तन गरी स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र. सं. | परिवर्तित योजनाको नाम | विनियोजित बजेट | बजेट विनियोजन हुने श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | चरचरे, भ्यागुते खोप विरुद्ध खोप व्यवस्थापन | ६,००,०००।- | "तरकारी बीऊ वितरणबाट रु. २ लाख र उन्नत खेती प्रविधि सम्बन्धी तालिमबाट ४ लाख सारिने | |
| २. | निः शुल्क पशु स्वास्थ्य शिविर | ३,००,०००।- | "कम्पोष्ट मल बनाउने प्रविधिबाट रु. २ लाख र कृषक समूहलाई सक्रिय बनाउने अभिमुखिकरणबाट रु. १ लाख सारिने | |

२. भगवानपुर गाउँपालिकाको दशौं गाउँसभाबाट तपसिलका कार्यक्रमहरुमा विनियोजित रकम अपुग हुने देखिएकोले उक्त कार्यक्रमहरुमा तपसिल बमोजिमको रकम थप गर्ने तथा दशौं गाउँसभाबाट विनियोजित रकम मध्ये केही रकम खर्च हुन नसकी

बाँकी रहने भएकोले सो रकमबाट तपसिलको योजना/कार्यक्रम थप गरी संचालन गर्न स्वीकृतिको लागि एघारौं गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

## रकम थप हुने योजना तथा कार्यक्रम

| क्र . सं. | योजना/ कार्यक्रमको नाम | विनियोजित बजेट | थप भएको बजेट | जम्मा बजेट | बजेट थप हुने श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अभयनगर डम्बर यादवको घरदेखि बोर्डरसम्म आर . सी .सी .सडक ढलान | ५ लाख | ६ लाख | ११ लाख | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| २. | वडा नं. १ को जनक चौकदेखि दक्षिण राम शरण यादवको घरसम्मको सडकमा ग्राभेल कार्य | | | ५ लाख | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | नयाँ योजना |
| ३. | वडा नं. ३ को गैरसाहाको विश्वकर्मा मन्दिरको लागि मुर्ती खरिद तथा स्थापना | | | १ लाख ३० हजार | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | नयाँ योजना |
| ४. | हुलाकी सडकमा गति नियन्त्रणको लागि ड्रम र झण्डा खरिद तथा जडान | | | २ लाख ५० हजार | चालु कार्यक्रमको "करार | नयाँ योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कर्मचारी त. भ." | |
| ५. | जमुवाटोलमा विश्वनाथ साहको घरदेखि डिहबार बाबा स्थानसम्म सडक स्तरोन्नती | | | १० लाख | "जमुवाटोल राम अवतार साहको घरदेखि विश्वनाथ साहको घरसम्म आ. सी. सी. ढलान" बाट रु. १० लाख सारिने | नयाँ योजना |
| ६. | जमुवाटोलमा शत्रुधन साहको घरदेखि रामवृक्ष साहको घरसम्म सडक स्तरोन्नती | | | ४ लाख | "जमुवाटोल राम अवतार साहको घरदेखि विश्वनाथ साहको घरसम्म आ. सी. सी. ढलान" बाट रु. ३ लाख र "ठारही बैजनाथ | नयाँ योजना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | साहको घरदेखि उतिम मण्डलको घरसम्म आर. सी. सी. ढलान" बाट रु. १ लाख सारिने | |
| ७. | परौल ढोकाई पोखरी नजिक बिरबल घरदेखि पुर्व लहान ठारही सडकसम्म कृषि सडकमा माटो पुर्ने काम | २० लाख | १२ लाख | ३२ लाख | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| ८. | सिनुरिया दुखि साहको खेतदेखि बिहारी खेतसम्मको कृषि सडक | ३ लाख | २ लाख | ५ लाख | "ठारही बैजनाथ साहको घरदेखि उतिम मण्डलको घरसम्म आर. सी. सी. ढलान"बाट रु. २ लाख सारिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | वडा नं. २ भरी ह्युम पाइए खरिद तथा जडान | | | ३ लाख | वडा नं. २ को वडास्तरीय योजना "नहरा सुखी साफीको घरदेखि सतन साफीको घरसम्म पि. सी. सी. सडक ढलान" बाट रु. ३ लाख सारिने | नयाँ योजना वडास्तरीय |
| १०. | वडा नं. २ को ईटहर्वा देखि कल्याणपुर कच्ची सडक देखि पश्चिम वडा नं. २को कार्यालयतिर कृषि सडकमा माटो तथा सिमाङ्कन कार्य | | | ४ लाख | वडा नं. २ को वडास्तरीय योजना "नहरा सुखी साफीको घरदेखि सतन साफीको घरसम्म पि. सी. | नयाँ योजना वडास्तरीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सी. सडक ढलान" बाट रु. ३ लाख सारिने | |

३. दशौं गाउँबाट विनियोजित बजेट मध्ये केही रकम खर्च हुन नसकी बाँकी रहन गएकोले तपसिलको शिर्षकबाट खर्च हुने तपसिलको नयाँ योजना तथा कार्यक्रम सञ्चालन गर्न स्वीकृतिको लागि एघारौं गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

तपसिलः

| **क. सं.** | **योजना/कार्यक्रमको नाम** | **विनियोजित बजेट** | **बजेट थप हुने श्रोत** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विज्ञान प्रयोगशालाको लागि सामग्री खरिद तथा वितरण | ६,५०,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| २. | मा. वि. ईनर्वामा कोचिङ कक्षा संचालन | ७,५६,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| ३. | मा. वि. नहरा रिगौलमा कोचिङ कक्षा संचालन | २,५०,०००।- | चालु कार्यक्रमको "करार | |

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारी त. भ." | |
| ४. | शिक्षा शाखा अन्तर्गत विविध कार्यक्रम संचालन | ५,००,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| ५. | निःशुल्क आँखा शिविर संचालन | ४,५०,०००।- | चालु कार्यक्रमको "विविध तथा अन्य कार्यक्रम खर्च" | |
| ६. | एम्बुलेन्स संचालन तथा व्यवस्थापनका लागि रेडक्रस शाखा ईनर्वा भगवानपुर लाई नगद अनुदान | ३,४०,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| ७. | उद्यम विकासका लागि ८ वटा सिलाई मेशिन खरिद तथा वितरण | १,२५,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |
| ८. | मृगौला प्रत्यारोपन, डायलासिस, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीहरुलाई औषधी उपचार खर्च | ५,००,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट शोधभर्ना हुने |

| | | | | |
|---|---|---|---|---|
| ९. | बालासुन्दरी मन्दिरमा श्री बालासुन्दरी भगवती चैत्र नवरात्रा पर्यटन महोत्सव २०८०/०८१ आयोजना | ४,००,०००।- | चालु कार्यक्रमको "करार कर्मचारी त. भ." | |

४. सिरहा जिल्लाभित्र रहेका तपसिलका कार्यालयहरुबाट कार्यालय संचालनको लागि उपकरण तथा फोटोकपी पेपर माग भई आएकोले चालु खर्चको "अवलोकन भ्रमण खर्च पदाधिकारी समेत" शिर्षकबाट खर्च हुने गरी तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

| **क्र . सं.** | **माग गरेको कार्यालय** | **उपकरण/सामग्रीको नाम** | **परिमाण** | **इकाई** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | मालपोत कार्यालय , लहान | फोटोकपी मेशिन | १ | थान | |
| २. | जिल्ला प्रशासन कार्यालय , सिरहा | फोटोकपि पेपर | २५ | रिम | |
| ३. | नापी कार्यालय , लहान | फोटोकपि मेशिन | १ | थान | |

५. आ. व. २०८०/८१ मा विनियोजित बजेटबाट संचालन हुने तपसिलका योजनाहरु तपसिलको खरिद विधि अपनाई खरिद गर्ने निर्णय गरियो।

| **क्र. सं.** | **योजनाको नाम** | **विनियोजित रकम** | **खरिद विधि** | **कैफियत** |
|---|---|---|---|---|
| १. | हुलाकी सडकको जनक चौकदेखि उत्तर पुरानो | ८ लाख | सोझै खरिद | |

| | | | | |
|---|---|---|---|---|
| | ढलानसम्म आर. सी. सी. ढलान | | | |
| २. | कल्याणपुर उत्तरबारी टोलको पुरानो ढलानदेखि उत्तर रामधनी यादवको घरसम्म आर. सी. सी. ढलान | ८ लाख | सोझै खरिद | |

६. आ. व. २०८०/८१ मा तपसिलको योजनामा विनियोजित रकम तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. सं. | योजनाको नाम | विनियोजित रकम | रकमान्तर हुने योजनाको नाम | रकमान्तर हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | गमहरिया धनिकलाल मुखिया घरदेखि राम नारायण दासको जग्गासम्म कृषि सडकमा माटो तथा ग्राभेल | ४ लाख | विभिन्न वडामा कृषि विद्युतीकरण | ४ लाख | |
| २. | ठारही रामअषिश पासमानको घरदेखि पश्चिम मूल सडकसम्म नाला तथा आर. सी. सी. ढलान | १५ लाख | ठारही सलहेश मन्दिरमा बाउण्ड्री वाल निर्माण तथा फिनिसिङ कार्यमा ५ लाख | १० लाख | ५ लाख बाँकी रहने |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | ठारही सलहेश मन्दिरमा बाउण्ड्री वाल निर्माण तथा फिनिसिङ कार्य | ५ लाख | | | नयाँ योजना |

७. आ. व. २०८०/८१ मा संचालन हुने तपसिलको योजनाको नाम परिवर्तन गरी देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र. सं. | हालको योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | ईनर्वा रामदेव मण्डलको घरदेखि चौधरी पोखरीसम्म आर. सी. सी. ढलान | ७ लाख | ईनर्वा रामदेव मण्डलको घरदेखि चौधरी पोखरीसम्म नाला तथा आर. सी. सी. ढलान | ७ लाख |
| २. | विशौल दुर्गा मन्दिरदेखि बैजनाथ यादवको घरसम्म आर. सी. सी. सडक ढलान | १३ लाख | विशौल रामजानकी मन्दिरदेखि पश्चिम जिवछ यादवको घरसम्म आर. सी. सी. ढलान | १३ लाख |

८. आ. व. २०८०/८१ को लागि सडक बोर्ड नेपालबाट विनियोजित रकम रु. २० लाख र समपुरक कोषबाट व्यहोर्ने रु. ५ लाख गरी जम्मा रू. २५ लाखबाट तपसिलको योजना संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | भगवानपुरको विद्युत सब-स्टेशनदेखि पश्चिम ईनर्वा ह. प्र. शा. मा. वि. देखी उत्तर हुलाकी सडकको गमहरिया चौकसम्म सडक मर्मत | २५ लाख | |

## बैठक नं.- १३

**प्रस्तावहरुः-**

१. वडा नं. १,३ र ४ को वडास्तरीय योजना सम्बन्धमा।

२. धार्मिक कार्यक्रममा आर्थिक सहयोग सम्बन्धमा।

३. कार्यरत करार सेवा कर्मचारीको म्याद थप सम्बन्धमा।

४. वडा नं. ५ को योजना/कार्यक्रम संशोधन सम्बन्धमा

५. स्वास्थ्य शाखाको लागि योजना/कार्यक्रम थप गर्ने सम्बन्धमा।

६. गाउँपालिका स्तरीय पूर्वाधार विकासका योजना संशोधन तथा थप गर्ने सम्बन्धमा।

**निर्णयहरुः-**

१. दशौं गाउँसभाको अधिवेशनमा यस गाउँपालिकाको वडा नं. १, ३ र ४ को वार्षिक योजना तथा कार्यक्रमहरुको लागि एकमुष्ठ रकम विनियोजन गरी सम्बन्धित वडाको वडा समितिको निर्णय बमोजिम सो रकमलाई वडास्तरीय योजना तथा कार्यक्रममा विभाजन गर्ने भनी दशौं गाउँसभामा निर्णय भएकोले उक्त वडाहरुबाट वडा समितिको निर्णय सहित पेश भएका तपसिलका योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गरी कार्यान्वयन गराउने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

**क. वडा नं. १ कूल विनियोजित बजेट रु. ४०,००,०००।-**

| क्र. सं. | योजना तथा कार्यक्रमकको नाम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | श्री खु. उ. ज. आ. वि. कल्याणपुर १ र श्री आ. वि. भगवानपुर ढोरहीटोलको स्वयंसेवक शिक्षकको तलब भत्ता | ८,००,०००।- | |
| २. | १ नं. वडाभरी ट्युबवेल खरिद तथा जडान कार्य | २२,००,०००।- | |
| ३. | जेष्ठ नागरिक सम्मान कार्य | ५,००,०००।- | |
| ४. | महिलाहरुलाई शिपमुलक तालिम | ५,००,०००।- | |
| **जम्मा** | | ४०,००,०००।- | |

**ख. वडा नं. ३ कूल विनियोजित बजेट रु. ३०,००,०००।-**

| **क्र. सं.** | **योजना तथा कार्यक्रमकको नाम** | **विनियोजित रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | खेलाडीहरुको लागि खेलकुद सामग्री खरिद तथा वितरण कार्य | १,००,०००।- | |
| २. | गैरसाहाको सामुदायिक भवनमा सन्तसम्मेलन व्यवस्थापन कार्य | ३,००,०००।- | |
| ३. | गैरसाहाको अधुरो भोलाबाबा मन्दिर निर्माण कार्य | ५,००,०००।- | |
| ४. | श्री आ. वि. अभयनगर विद्यालयको स्वयंसेवक शिक्षक अनुदान | २,७०,०००।- | |

| | | | |
|---|---|---|---|
| ५. | अभयनगरमा बौकी देवी मन्दिरको अधुरो कार्य सम्पन्न गर्ने | १,५०,०००।- | |
| ६. | मिरकटोलमा कृष्ण जन्म अष्ठमी मेला आयोजन | १,००,०००।- | |
| ७. | मरिकटोलको बुढा बाबा मन्दिरको रिटेनिङ वाल निर्माण | २,००,०००।- | |
| ८. | मरिकटोलमा स्यालो ट्युबवेल जडान | २,६६,०००।- | |
| ९. | आघारभुत स्वास्थ्य केन्द्र अभयनगरको व्यवस्थापन वापत | १,५०,०००।- | |
| १०. | गैरसाहाको डिहबार बाबाको मरबाको प्लाष्टर | १,६४,०००।- | |
| ११. | गैरसाहा, अभयनगर र नयाँटोल लालपुरमा स्यालो ट्युबवेल जडान | ६,५०,०००।- | |
| १२. | अभयनगरमा नबाह प्रवचन तथा भण्डारा व्यवस्थापन कार्य | १,५०,०००।- | |
| **जम्मा** | | **३०,००,०००।-** | |

**<u>ग. वडा नं. ४</u>** **<u>कूल विनियोजित रकम रु. ३०,००,०००।-</u>**

| **क्र. सं.** | **योजना तथा कार्यक्रमकको नाम** | **विनियोजित रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | कल्याणपुरमा कृषि विद्युतीकरण | ६,००,०००।- | |
| २. | बिशौलमा कृषि विद्युतीकरण | ५,००,०००।- | |
| ३. | ठाडीमा कृषि विद्युतीकरण | ५,००,०००।- | |
| ४. | जमुवाटोलमा कृषि विद्युतीकरण | ५,००,०००।- | |
| ५. | बाल विकास शिक्षिका तलब अनुदान आ. वि. जमुवाटोल | २,००,०००।- | |

| | | | |
|---|---|---|---|
| ६. | खेलकुद सामग्री खरिद तथा वितरण | १,००,०००।- | |
| ७. | सामाजिक सुरक्षा लाभग्राही तथा विपन्न परिवारलाई झुल वितरण कार्यक्रम | ५,००,०००।- | |
| ८. | सांस्कृतिक सामग्री खरिद तथा वितरण | १,००,०००।- | |
| **जम्मा** | | ३०,००,०००।- | |

२. यस गाउँपालिकाका विभिन्न वडाहरुमा आयोजित धार्मिक कार्यक्रमहरुको तपसिल बमोजिम रकम "धर्म, संस्कृति प्रवर्धन, पुजा मेला आदि" शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| क्र. सं. | धार्मिक कार्यक्रमको नाम | आयोजना स्थल | भुक्तानी पाउने व्यक्ति | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | विवाह पञ्चमी मेला | वडा नं. ४ | देव नारायण यादव | ३१,०००।- | |
| २. | विवाह पञ्चमी मेला | वडा नं. २ | धर्मदेव दास | ८५,०००।- | |
| ३. | सन्त सम्मेलन | वडा नं. ४ | बडेलाल दास | १५,०००।- | |
| ४. | सोमबारी पूजा | वडा नं. २ | हेम नारायण विश्वकर्मा | ११,०००।- | |

३. यस गाउँपालिकामा कार्यरत तपसिलका करार सेवाका कर्मचारीहरुको २०८० माघ महिना देखि २०८१ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**तपसिलः**

| **क्र . सं.** | **कर्मचारीको नाम** | **पद** | **कैफियत** |
|---|---|---|---|
| १. | डम्बर नारायण महतो | रोजगार संयोजक | |
| २. | दुर्गानन्द साह | एम. आइ. एस. अपरेटर | |
| ३ . | अरुण कुमार मुखिया | फिल्ड सहायक | |
| ४. | रिना कुमारी सिंह | लघु उद्यम सहजकर्ता | |
| ५. | श्रीप्रसाद साह | कार्यालय सहयोगी | |
| ६. | घुरन सदाय | कार्यालय सहयोगी | |
| ७. | शत्रुधन साह | कार्यालय सहयोगी | |

४. वडा नं. ५ को तपसिलको वडास्तरीय योजना/कार्यक्रम कार्यान्वयन हुन नसकेकोले उक्त योजना/कार्यक्रमहरुलाई वडा नं. ५ को वडा समितिको निर्णय बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

<u>तपसिलः</u>

| क्र . सं. | योजनाको नाम | विनियोजित बजेट | बजेट श्रोत | विनियोजन हुने बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी नारायण मन्दिरको पोखरी खन्ने कार्य | २०,००,००० ।- | | | योजना रद्द |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ५ नं. वडाभरी ट्युबवेल खरिद तथा जडान | १०,००,००० ।- | लक्ष्मी नारायण मन्दिरको पोखरी खन्ने कार्यबाट रु. १० लाख | १०,००,००० ।- | नयाँ योजना |
| ३. | लालपुर छोटकिनको खेतदेखि विसुनदेवको खेतसम्म कृषि सडकमा माटो पुर्ने काम | ४,००,०००।- | | | योजना रद्द गरिएको |
| ४. | महिलाहरुलाई सिपमूलक तालिम ( अगरबत्ती बनाउने) | | लक्ष्मी नारायण मन्दिरको पोखरी खन्ने कार्यबाट रु. ५ लाख | ५,००,०००।- | नयाँ कार्यक्रम |
| ५. | महिला सशक्तिकरणको लागि सर्फ बनाउने तालिम | | लक्ष्मी नारायण मन्दिरको पोखरी खन्ने | ५,००,०००।- | नयाँ कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यबाट रु. ५ लाख | | |
| ६. | दलित महिलाहरुको लागि स्वास्थ्य सचेतनाको लागि सरसफाइ सम्बन्धी जनचेतना कार्यक्रम | | लालपुर छोटकिन को खेतदेखि विसुनदेव को खेतसम्म कृषि सडकमा माटो पुर्ने काम | ४,००,०००। - | नयाँ कार्यक्रम |

५. भगवानपुर गाउँपालिकको स्वास्थ्य शाखा व्यवस्थापन तथा संचालनको लागि तपसिल बमोजिमको योजना/कार्यक्रम थप गरी बजेट विनियोजन गरी योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

तपसिलः

| क्र. सं. | योजना/कार्यक्रमको नाम | विनियोजित बजेट | बजेट विनियोजन हुने श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | आकस्मिक अवस्थाको औषधि तथा स्वास्थ्य सामग्री खरिद | ५,००,०००।- | करार कर्मचारी त. भ. | |
| २. | ल्याब केमिकल खरिद | ८०,०००।- | करार कर्मचारी त. भ. | |

| | | | | |
|---|---|---|---|---|
| ३. | गाउँघर क्लिनिक, खोप क्लिनिक संचालन तथा खोप ढुवानीको लागि | २,००,०००।- | करार कर्मचारी त. भ. | |

६. आ. व. २०८०/८१ मा तपसिलका गाउँपालिका स्तरीय योजनामा विनियोजित बजेट संशोधन गरिएको र तपसिल बमोजिमको नयाँ योजना थप गरी अनुमोदनको लागि गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो।

| **क्र. सं.** | **योजनाको नाम** | **विनियोजित बजेट** | **संशोधित बजेट/कार्यान्वयन हुने बजेट** | **बजेट थप हुने श्रोत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | लरहा राम कृपाल घर नजिकको पोखरी देखि सलहेश मन्दिरसम्मको बाटोमा आर. सी. सी. ढलान | ३० लाख | २० लाख | | १० लाख घटाइएको |
| २. | लरहा महादेव मन्दिरदेखि महेशबारीको सिमानासम्म आर. सी. सी. ढलान | ९ लाख | | | योजनाको नाम परिवर्तन गरी **"लरहा महादेव मन्दिरदेखि महेशबारीको सिमानासम्म सडक स्तरोन्नती"** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम गरिएको। |
| ३. | लरहाको दुखन घरदेखि हुलाकी सडकसम्म कृषि सडक स्तरोन्नती कार्य | | १० लाख | "लरहा राम कृपाल घर नजिकको पोखरी देखि सलहेश मन्दिरसम्मको बाटोमा आर. सी. सी. ढलान" बाट रु. १० लाख सारिने | नयाँ योजना |
| ४. | लरहा नथुनी यादवको घरदेखि दक्षिण सडकमा आर. सी. सी. ढलान कार्य | | ४ लाख ५० हजार | "सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म ईनर्वाको लागि जग्गा खरिद" बाट सारिने | नयाँ योजना |
| ५. | लरहाको शिव यादवको घरदेखि रामचन्द्र यादवको घरसम्म आर. सी. सी. ढलान | | २ लाख ५० हजार | "सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म ईनर्वाको लागि जग्गा खरिद" बाट सारिने | नयाँ योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | लरहाको डिहबार थानदेखि मूलसडकसम्म सडक स्तरोन्नती | | ५ लाख | गत वर्षको भुक्तानी बाँकीको"गमहरिया रामटोलमा माटो ग्राभेल" र लरहादेखि नहरासम्म ग्राभेल" बाट सारिने | नयाँ योजना |
| ७. | बाला सुन्दरी मा. वि. भगवानपुर कम्पाउण्ड मा माटो भर्ने र पर्खाल निर्माण कार्य | | ३ लाख | "सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म ईनर्वाको लागि जग्गा खरिद" बाट सारिने | नयाँ योजना |
| ८. | प्राथमिक स्वास्थ्य केन्द्र पुरानो भवन भत्काई त्यसमा माटो पुर्ने कार्य | | ५ लाख | "सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म ईनर्वाको लागि जग्गा खरिद" बाट सारिने | नयाँ योजना |
| ९. | भगवानपुर पुरानो ढलान देखि पुर्व वडा अध्यक्ष बद्री | | ४ लाख | | योजनाको नाम परिवर्तन गरी "रामजानकी मन्दिर |

| | | | | | |
|---|---|---|---|---|---|
